# नेपाली

## कक्षा - 9

1. **बहुविकल्पीय प्रश्न** 20 * 1 =20 अंक

1. कुनै वस्तु रहने ठाँउ वा आश्रयलाई भनिन्छ -

    क. अपादान  ख. कर्म  ग. अधिकरण  घ. करण

2. "मा" चिह्नले कुन कारक जनाउँछ ?

    क.कर्ता  ख. कर्म  ग. करण घ. अधिकरण

3. "देखि" चिह्नले कुन कारक जनाउँछ ?

    क. करण  ख. कर्म  ग. अपादान  घ. कर्ता

4. नेपाली व्याकरणमा नामका कति भेद मानिन्छन् ?

    क. चार  ख. पाँच  ग. तीन  घ. सात

5. जातिवाचक नाम हो -

    क. कमला  ख. दामोदर  ग. मानिस  घ. सुशीला

6. द्रव्यवाचक नाम हो -

    क. पशु  ख. सुशीला  ग. केटी  घ. फलाम

7. भाववाचक नाम हो -

    क. दूध  ख. फलाम  ग. पशु  घ. गरीबी

8. चैत-वैशाख महिनामा पर्ने ऋतु हो-

    क. ग्रीष्म  ख. वर्षा  ग. वसन्त  घ. शरद

9. साउन-भदौ महिनामा पर्ने ऋतु हो -

    क. वर्षा  ख. ग्रीष्म  ग. हेमन्त  घ. शिशिर

10. जेठ-असार महिनामा पर्ने ऋतु हो -

    क. शरद  ख. हेमन्त  ग. वर्षा  घ. ग्रीष्म

11. लता शब्दको अर्थ हो -

    क. रूख  ख. लहरा  ग. कलिला पात  घ. मञ्जरी

12. **बसन्त कोकिल** कविताका रचयिताको नाम हो-

क. बालकृष्ण सम    ख. धरणीधर कोइराला

ग. लेखनाथ पौड्याल    घ. लक्ष्मी प्रसाद देवकोटा

13. **यो जिन्दगी खै के जिन्दगी** कविताका रचयिताको नाम हो -

क. बदरीनाथ भट्टराई    ख. बालकृष्ण सम

ग. लेखनाथ पौड्याल    घ. हरिभक्त कटुवाल

14. हरिभक्त कटुवालको जन्मस्थान हो-

क. मणिपुर    ख. नागालैण्ड    ग. असम    घ. दार्जिलिङ्

15. सानन्द शब्दको अर्थ हो-

क. मदले लठ्ठ    ख. आनन्दसंग    ग. फरासिलो    घ.मन प्रसन्न पार्ने

16. समीर शब्दको अर्थ हो -

क. सुगन्ध    ख. हावा ग. लय    घ.रज

17. **अभागी** कथाकी स्त्रीपात्रको नाम के हो -

क. रमा    ख. गङ्गा ग. श्यामा    घ. सुशीला

18. **माधवप्रसाद** कुन कथाका पात्रको नाम हो-

क. दोषी चश्मा    ख. अभागी    ग. सिपाही    घ. परिबन्द

19. **केशवराज** कुन कथाका पात्रको नाम हो -

क. परिबन्द    ख. दोषी चश्मा    ग. अभागी    घ. सिपाही

20. **कथाकार गुरुप्रसाद मैनाली**को जन्म विक्रम संवत् मा भएको हो -

क. 1957    ख. 1960    ग. 1965    घ. 1958

**2.    लघुत्तरीय प्रश्न    5*4=20 अंक**

**क.** '**यो जिन्दगी खै के जिन्दगी**' कवितामा कविले सहजै फुट्न र चुँडिन सक्ने काँचको चुरा र रबरको सस्तो खाले चप्पल संग कसलाई तुलना गरेका छन् ?

**ख.** '**दोषी चश्मा**' कथामा चौरमा एक्लै बसेका केशवराज ले जर्साबको मोटर आएको देखेर पनि मोटर भित्र रहेका जर्साबलाई चिन्न सक्दैनन्। यसरी जर्साबलाई ठम्याउन न सक्नु र स्वस्ति गर्न न भ्याउनु उनका लागि ठूलो अपराध बोध हुन्छ । यसमा केशवराज कसलाई दोषी भएको कुरा ठम्याउँछन् ?

**ग.** रूख तथा लहरामा वसन्त ऋतुमा कस्तो परिवर्तन आउँछ ? वसन्त कोकिल कविताको आधारमा वर्णन गर्नुहोस् ।

**घ.** रेखाङ्कित शब्दको शब्दवर्ग (अव्यय, नाम आदि) छुट्याई लेख्नुहोस् -

विद्यालयको वरिपरि फुलवारी पनि छ।

उनीहरूले तिमी प्रति शङ्का गर्न थालेका छन् ।

बिहान डुल्नु स्वास्थ्यका लागि हितकर हुन्छ।

3. **अपठित-गद्यांश** 1*7=7**अंक**

निम्नलिखित अनुच्छेद पढी अन्त्यमा सोधिएको प्रश्नहरू को उत्तर दिनुहोस् -

पुस्तकालय शब्द पुस्तक र आलय शब्दको सन्धिबाट बनेको छ। यसको अर्थ हुन्छ - पुस्तक पढ्ने ठाउँ वा पुस्तक राखिने घर। त्यस कारण पुस्तकालय विभिन्न क्षेत्रमा ज्ञानप्राप्त गर्ने महत्त्वपूर्ण ठाउँ हो। पुस्तकालय मुख्यतः दुई प्रकारको हुन्छ - क. सार्वजनिक पुस्तकालय । ख. विद्यालयीय पुस्तकालय। यी दुबै पुस्तकालयहरूमा राम्रो सङ्गठन हुन्छ, सेवाका लागि कर्मचारीहरूलाई खटाइएको हुन्छ। यसका अतिरिक्त आफ्नै क्षमतामा सङ्गठित व्यक्तिगत पुस्तकालय पनि हुन सक्छ। यी सबै खालका पुस्तकालयबाट ज्ञान-विज्ञानका विभिन्न-क्षेत्रमा परिचित भई सुयोग्य हुने अवसर प्राप्त हुन्छ।

प्रश्नहरू-

क. पुस्तकालय शब्दको सन्धि-विच्छेद गर्नुहोस् ।

ख. विभिन्न क्षेत्रमा ज्ञान प्राप्त गर्ने ठाउँ कुन हो ?

ग. पुस्तकालय कति प्रकारको हुन्छ ?

घ. पुस्तकालयहरूमा कर्मचारीहरूलाई किन खटाइको हुन्छ?

ङ. आफ्नै क्षमतामा सङ्गठित पुस्तकालय लाई के भनिन्छ ?

च. पुस्तक पढ्ने ठाउँ वा घर लाई के भनिन्छ?

छ. यस गद्यांश को शीर्षक के हुन सक्छ ?

**4.** **विस्तृत उत्तरीय प्रश्न** 1 **7 * 2 = 14 अंक**

1. कुनै एक विषयमा निबन्ध लेख्नुहोस् -

   क. बढ्दो अपराधको नियन्त्रण

   ख. वृक्षारोपण को महत्व

2. आफ्ना घरको परिस्थिति आफ्नो पढाई आदिको उल्लेख गर्दै विदेशमा पढ्न बसेका आफ्ना एक जना साथीलाई चिट्ठी लेखनुहोस् ।

**5.** **विस्तृत उत्तरीय प्रश्न 2** **9 अंक**

**कुनै एक पद्य को सप्रसङ्ग व्याख्या गर्नुहोस्**

क. यो जिन्दगी खै के जिन्दगी
भित्र-भित्रै खोक्रिएर बाहिर-बाहिर बांचेको
एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको

ख. न शीत बाधा न त घामको डर
न बाग नङ्गा न त वृष्टिको पिर।
वसन्तको गौरवले गरीकन
खुसी छ साह्रै कलकण्ठको मन।।